# आलिताल गाउँपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका परिचालन तथा सेवा, सुविधा सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना :

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं ६ मा स्वयंसेवाको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्न निर्देशन गरेको छ। समुदाय स्तरमा आधारभूत स्वास्थ्य सेवाको पहुच बढाउन बिशेष गरेर महिला सहभागिता जुटाउने उद्देश्यले बि.स. २०४५ साल देखि म.स्वास्थ्य. स्वयम् सेविका कार्यक्रमको शुरुवात गरिएको हो । रोग नियन्त्रणमा संचालन गरिएका खोप सेवा जस्ता प्रतिकारात्मक कार्यक्रम हुन् वा स्वास्थ्य प्रबर्धनका लागि संचालन गरिएका ५ बर्ष मुनिका बालबालिकाहरुलाई खुवाउने भिटामिन ए तथा बालभिटा र गर्भवती महिलाहरुलाई वितरण गर्ने आइरन चक्की नै किन नहुन, यी सबै कार्यक्रमहरुको सफलता असफलताको जिम्मेवारी महिला सामुदायिक स्वयम् सेबिका हरुकै काँधमा रहेको छ । गाउँपालिका क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सक्रिय भूमिकालाई उच्च मूल्याङ्कन गर्दै समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गरी प्रभावकारीरूपमा परिचालन गर्नको लागि थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी आलिताल गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद- १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका परिचालन तथा सेवा, सुबिधा सम्बन्धी कार्यविधि, २०८१" रहनेछ ।

(ख) यो कार्यविधि आलिताल गाउँ कार्यपालिका बैठकले पारित गरेपछि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले "महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका परिचालन तथा सेवा, सुबिधा सम्बन्धी कार्यविधि, २०८१" सम्झनु पर्दछ।

(ख) "छनौट" भन्नाले पहिलो पटक वा पूनः तोकिएको प्रक्रिया र विधि पूरा गरी छनौट भएको योग्य व्यक्ति सम्झनु पर्दछ ।

(ग) "बिदाई" भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एवं मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्दछ।

(घ) “महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका” भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानी संघ तथा सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रम अनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरूमा सहयोग पुर्याउने स्वयंसेवी महिलालाई जनाउँछ । साथै यस शब्दले आमा समूहबाट छनौट भई तालिम लिन बाँकी रहेका स्वयंसेवी महिला समेतलाई सम्झनु पर्दछ ।

ङ) "कार्यक्षेत्र" भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका ले कार्यसम्पादन गरिरहेको भौगोलिक क्षेत्रलाई बुझाउने छ र आवश्यकता अनुसार सम्बन्धित वडाको स्वास्थ्य सस्थाले कार्यक्षेत्र थप घट गर्न सक्नेछ ।

च) “सेवा,सुबिधा” भन्नाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका ले कुनै स्वास्थ्य क्षेत्रको कार्यक्रममा सहभागी भए वापतको यातायात खर्च रकम,स्वयम सेबी पद बाट बिदाई हुदा प्राप्त गर्ने रकम, तथा तीनै तहका सरकार हरु बाट स्वयम् सेबी कार्य गरे वापतको पुरुस्कार,सम्मान पत्र वा उत्प्रेरणा रकम हरु बुझिनेछ ।

## परिच्छेद २

## स्वयंसेविका छनौट, परिचालन तथा बिदाई एवं सेवा रद्द सम्बन्धी व्यवस्था

३. स्वयंसेविका छनौटः

(१) स्वयंसेविकाको छनौट संघीय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिका एबम स्थानीय निकायको अवस्था अनुसार देहायको प्राबधान बमोजिम हुनेछः

(क) तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनु पर्ने,

(ख) कम्तीमा ५ बर्ष सेवा गर्न ईच्छुक रहेको प्रतिबद्धता गरेको हुनुपर्ने,

(ग) समाज सेवा गर्न ईच्छा भएको,

(घ) २० बर्ष उमेर पूरा भई ४५ बर्ष ननाघेको,

(ड) राजनीतिमा नलागेको र कुनै पनि राजनीतिक पदमा बहाल नरहेको,

(च) कुनै पनि लाभको पदमा बहाल नरहेको,

(छ) कम्तीमा  ८ कक्षा उत्तीर्ण गरेको ।

(२) लोपोन्मुख आदिवासी र दलित वर्गलाई प्राथमिकता दिईने ।

४. स्वयंसेविका परिचालन : “महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका”हरु आफ्नो भैगोलिक कार्यक्षेत्र भित्र बसोबास गरेको हुनु पर्ने र आफ्नो कार्य क्षेत्रमा स्वास्थ्य क्षेत्र संग सम्बन्धित स्वयं सेविकाले गर्नु पर्ने निर्देशिका अनुसारका कार्य सम्पादन गर्नु पर्नेछ ।

५. स्वयंसेविकाको बिदाईः  परिच्छेद २ को दफा ३ अनुसार छनौट र कार्यरत रहेका स्वयंसेविकाको देहायका अवस्थामा सेवाबाट बिदाई हुनेछः

(क) ६० वर्ष उमेर पूरा भएमा

(ख) स्वयंसेविकाले आमा समूह समक्ष सेवा छाड्ने इच्छा जाहेर गरी राजिनामा दिई बिदाई लिएमा,

(ग)राजनीतिक वा कुनै पनि सरकारी वा अन्य सघं संस्थाको वैतनिक पदमा नियुक्ति वा मनोनयन लिएमा,

(घ) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रहेको तर पारिवारिक बसाई आफ्नो कार्यक्षेत्र भन्दा बाहिर भएको  अवस्था रहेमा ।

(ङ) आफ्नो कार्यक्षेत्रबाट अर्को ठाउमा बसाइँसराइँ गरेमा।

६. स्वयंसेविकाको सेवा रद्द गरिनेः

(१) स्वयंसेविकाको सेवा देहायका अवस्थामा रद्द गरिनेछः

(क) स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा,

(ख) भ्रष्टाचार, अनुशासनको उल्लंघन तथा नैतिक पतन देखिने कार्य गरेमा,

(ग) जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहिं कतैबाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ती लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाईएमा ।

(२) दफा ६ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले विना सूचना चार महिनासम्म लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्द हुनेछ ।

## परिच्छेद ३

७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले प्राप्त गर्ने दीर्घकालिन सम्मान रकम सम्बन्धमा :

आलिताल गाउँपालिकाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिर्घकालिन सम्मान सेवा उपलब्ध गराउदा निम्न प्रक्रिया अबलम्बन गर्नेछ ।

क) बिदाई भइ जाने स्वयं सेविकाको निबेदन

ख) नेपाली नागरिकताको प्रतिलिपि

ग) सम्बन्धित स्वास्थ्य सस्थाको सिफारिश पत्र

घ) नया छनौट भएका स्वयम् सेविकाको नाम,थर तथा सम्बन्धित स्वास्थ्य सस्थाको सिफारिश (ङ) सम्बन्धित आमा समुहको राजिनामा स्वीकृत, सम्मानको लागि सिफारिश तथा नया स्वयम् सेविका छनौटको निर्यण गरिएको बैठकको प्रतिलिपि

(च) दीर्घकालिन सम्मान रकम प्रदान गर्नु पर्दा अनुसूची १ अनुसारको सेवा सुविधा प्रदान गरिनेछ।

## परिच्छेद ४

## अन्य सेवा सुविधा सम्बन्धी व्यवस्था

८. सेवा तथा सुविधाः

(१) स्वयंसेविकाले कुनै पनि किसिमको तलब तथा अन्य सुबिधा दाबी गर्न पाउने छैन। सकभर सेवा सुबिधा बैंक मार्फत उपलब्ध गराईनेछ।

(२) दफा ८ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वयंसेविकाले मासिक रुपमा आमा समूहको बैठक सञ्चालन, मासिक बैठकमा उपस्थिति खोप क्लिनिक तथा समुदायमा सहयोग जस्ता क्रियाकलापमा उत्प्रेरणाको लागि अनुसूची २ अनुसारको सेवा सुविधा प्रदान गरिनेछ। नेपाल सरकारबाट निश्चित स्वयंसेविकालाई पोशाक खर्च उपलब्ध हुने र कार्यरत मध्ये उपलब्ध नहुनेको हकमा गाउँपालिकाले पोशाक खर्च उपलब्ध गराउने छ ।

(३) दफा ८ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ६ बमोजिम सेवा रद्द भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुविधा उपलब्ध गराईने छैन।

## परिच्छेद ५

## विविध

९. अन्य छुट विषय सम्बन्धीः यस कार्यविधिमा उल्लेख नभएका वा समावेस नभएका विषयका सम्बन्धमा आलिताल गाउँ कार्यपालिकाको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ।

१०. संशोधन तथा खारेजीः आलिताल गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्नेछ।

अनुसुची १

दफा ७(च) सँग सम्बन्धित

स्वयं सेविकाले पाउने दिर्घकालिन सम्मान रकम सुविधा

| क्र.सं. | | वर्ष/महिना/पटक | ने.सरकार | स्थानीय सरकार | जम्मा रकम रू | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | स्वयं सेवा सम्मान बिदाई खर्च** | ६० बर्ष पुरा भएको स्वयम् सेबिकाहरुलाई एकमुष्ट १ पटक | २०००० | ३५००० | ५५०००/- | |
| | | अन्यको हकमा २५ वर्षभन्दा बढी कार्य अवधि सेवा गरेकाको हकमा एकमुष्ट १ पटक | ० | ३५००० | ३५००० | |
| | | १५ वर्ष देखि २४ बर्ष सम्म सेवा गरेकाको हकमा | | १००० प्रतिवर्ष एकमुष्ट रकम | | |

** १५ बर्ष भन्दा कम अबधिमा छोड्ने स्वयम सेविका हरुलाई सो सम्मान रकम उपलब्ध गराइने छैन ।

## अनुसुची २

### दफा ८(२) सँग सम्बन्धित

### स्वयं सेविकाले पाउने सुविधा

| क्र.सं. | सुविधा | वर्ष/महिना/दिन/पटक | दर रू | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २ | स्वास्थ्य क्षेत्र संग सम्बन्धित सबै खाले सुबिधा प्राप्त गर्ने कार्यक्रम हरुको हकमा यातायात खर्च | प्रति /दिन | ५००/- | कार्यक्रम संचालन भएको दिन |
| ३ | पोशाक खर्च | प्रति वर्ष एकमुष्ट | १००००/- | ने.सरकार |
| ४ | कार्यरत महिला स्वास्थ्य स्वयंसेविका बिमा सहायता | प्रति वर्ष/प्रति परिवार | १७५०/- | प्रदेश सरकार |
| ५ | पालिका बाट प्राप्त गरिने स्वयम् सेविका उत्प्रेरणा रकम को हकमा | प्रति महिना * | १५००/- | स्थानिय सरकार |
| ६ | मासिक बैठकमा प्रत्येक महिना भाग लिए वापत को यातायात रकमको हकमा | प्रति महिना * | १०००/- | ने.सरकार |

* ने.सरकार बाट प्राप्त गर्ने बार्षिक १२००० यातायात खर्च रकमको लागि स्वास्थ्य सस्था हरुले मासिक बैठकमा भाग लिएको प्रमाणित गर्नु पर्नेछ भने पालिका बाट प्रदान गरिने रु १५००/-प्रति महिना रकमको लागि स्वयम् सेविका हरुले आ'आफ्नो क्षेत्रमा आमासमुह बैठक प्रति महिना कम्तिमा १ पटक बसेको, खोप क्लिनिक,पोषण क्लिनिक, गाउँघर क्लिनिक र मासिक बैठकमा उपस्थित भइ काम गरेको व्यहोरा प्रमाणित गर्नु पर्नेछ ।